नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
**नापी विभाग**
( आर्थिक प्रशासन शाखा )

फोन नं. ४६२१७१०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्याः- ०७५/७६
प्राप्त पत्र संख्याः.............
च.नं.: २४

मिति :- २०७५।०४।२३

विषय :- लेखापरीक्षण कार्यक्रम सम्बन्धमा ।

श्री नापी कार्यालय,
ओखलढुंगा, डडेलधुरा, डोल्पा, अर्घाखाची, म्यादी, नुवाकोट, मनाङ, प्यूठान, वाजूरा, सल्यान, जुम्ला, मुगु, वैतडी, रुकुम पूर्व, रुकुम पश्चिम, मुस्ताङ, जाजरकोट, रसुवा, वझाङ, डोटी, रोल्पा, सोलुखुम्वु, अछाम, कालिकोट, दार्चुला, दैलेख, गुल्मी, पाल्पा, हुम्ला

उपर्युक्त सम्बन्धमा श्री भूमि व्यबस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं. १३५ मिति २०७५।०४।२१ को पत्रवाट महालेखा परीक्षकको कार्यालयवाट खटिने डोरले २०७५ श्रावणको दोश्रो हप्ता देखि माथि उल्लेखित जिल्लास्थित कार्यालयहरुमा आ.व. २०७४।०७५ को लेखापरीक्षण कार्य शुरु गर्ने कार्यक्रम रहेकोले सो समयमा तपशिल वमोजिमका निर्देशनहरुमा ध्यान दिई तहां कार्यालयका कार्यालय प्रमुख वा लेखा प्रमुखले सोही अनुसार लेखापरीक्षण सम्पन्न गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

तपशिल

१. म.ले.प. गर्ने भनि तोकिएको समय अगावै आ.ले.प. गरी आ.वि. प्रमाणीत गराई राख्ने ।
२. उल्लेखित मितिमा कार्यालय प्रमुख र लेखा प्रमुख अनिवार्य उपस्थित हुने ।
३. म.ले.प. कक्षको छुट्टै व्यबस्थ गर्ने ।
४. वांकी बक्यौता तथा अन्य बेरुजुहरु लेखापरीक्षण कै वखत संपरीक्षण गराउने ।
५. लेखापरीक्षण समयमा माग भएका सम्पूर्ण कागजातहरु उपलव्ध गराई लेखापरीक्षण कार्यमा सहयोग गर्ने ।

(दीपक अधिकारी)
उप-सचिव (लेखा)

उप-सचिव (लेखा)